साँगुरीगढी गाउँपालिका
Sangurigadhi Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
भेडेटार, धनकुटा
Bhedetar, Dhankuta

प.सं. २०७९/०८०

कोशी प्रदेश नेपाल
Koshi province Nepal

## सिलबन्दी दरभाउ पत्र आह्वानको सूचना

दोस्रो पटक प्रकाशित मिति २०८०/०३/१०

यस साँगुरीगढी गाउँपालिकाको स्थानीय आर्थिक ऐन बमोजिम आ.व. २०८०/०८१ को लागि पार्किङ्ग तथा सरसफाई शुल्क संकलन गर्नु पर्ने भएकाले स्थानीय आय व्यवस्थापन (कार्यविधि) ऐन, २०७९ को दफा (८) बमोजिम सिलबन्दी दरभाउपत्र वन्दोवस्त गर्नु पर्ने भएकाले देहायको न्यूनतम ठेक्का अङ्कमा नघट्ने गरी इजाजत प्राप्त, फर्म वा कम्पनी दर्ता प्रमाण पत्रको प्रतिलिपि, नवीकरण भएको प्रमाण पत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर दर्ता तथा नियमानुसार कर चुक्ता प्रतिलिपि पेश गरी इच्छुक फर्म वा कम्पनीहरुले रितपूर्वक सिलवन्दी दरभाउ पत्र E-bidding को माध्यमबाट पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ।

| सि.न. | ठेक्का नं. | न्यूनतम ठेक्का अंक रु (भ्याट बाहेक) | दरभाउ पत्र मूल्य रु |
|---|---|---|---|
| १ | ०९/०७९/०८० (राजस्व) | १२५०००० (बाह्र लाख पचास हजार) | १०००/- |

शर्तहरु :

१. पार्किङ्ग तथा सरसफाई शुल्कको दर, विवरण, परिमाण तथा स्थान बोलपत्र साथ उपलब्ध हुनेछ। सिलवन्दी दरभाउ पत्र सूचना प्रकाशन भएको मितिले १५ औं दिन (सार्वजनिक विदा परेमा लगत्तै पछि कार्यालय खुलेको दिन) कार्यालय समय भित्र खरिद गरीसक्नु पर्नेछ। सो दिनको भोलीपल्ट वा १६ औं दिन दिनको १२.०० बजेसम्म E-bidding को माध्यमबाट दरभाउ पत्र पेश गरिसक्नु पर्नेछ। पेश हुन आएको दरभाउ पत्र सोही दिन दिनको २.०० बजे खोलिनेछ।

२. सिलबन्दी दरभाउ पत्र खरिद गर्न साँगुरीगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भेडेटारको नवील बैंक लि.भेडेटार शाखामा रहेको धरौटी खाता नं. २११०१०१७५०००३७ मा कबोल अङ्कको ३ प्रतिशत रकम जम्मा गरेको भौचर वा प्रचलित कानून बमोजिम मान्यता प्राप्त "क" वर्गको बैंकबाट यस कार्यालयको नाममा जारी भएको कम्तीमा ७५ दिन अवधि भएको विडवण्ड पेश गर्नु पर्नेछ। सिलवन्दी दरभाउ पत्र खरिद वापतको रु १०००/- यस कार्यालयको नाममा नवील बैंक भेडेटार शाखामा रहेको खाता नं. २११०१०१७५०००५८ मा जम्मा गरेको बैंक भौचर अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

साँगुरीगढी गाउँपालिका
Sanguriigadhi Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
भेडेटार, धनकुटा
Bhedetar, Dhankuta
कोशी प्रदेश नेपाल
Koshi province Nepal

प.स. २०७९/०८०

३. पार्किङ्ग तथा सरसफाई शुल्क संकलनको ठेक्का सम्झौता अवधि सम्झौता भएको मिति देखि २०८१ असार मसान्तसम्म हुनेछ ।

४. सिलबन्दी दरभाउपत्र बमोजिम कबोल गरिएको अंक बराबरको मूल्य अभिवृद्धि कर वापतको रकम ठेक्का सम्झौता गर्नु पूर्व प्रचलित कानूनले निर्धारण गरेबमोजिमको खातामा जम्मा गर्नु पर्नेछ । अन्य प्रचलित कानून बमोजिम बुझाउनु पर्ने कर दस्तुर आदि बुझाउनु पर्ने रकम व्यवसायी आफैले बुझाउनु पर्नेछ ।

५. बन्द, हड्ताल जस्ता मानव सिर्जित घट्नाका कारणबाट हुने नोक्सानीका लागि कुनै क्षतिपूर्ति वा छुट दिइने छैन तर सम्झौताका बखत एकमुष्ठ कवोल अंक जम्मा गरेमा मु.अ.कर कटाई वाँकी रकमको १० प्रतिशत छुट दिन सकिनेछ ।

६. यस सूचनामा उल्लेख भएका शर्तको हकमा सोही शर्त बमोजिम र नभएको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

७. सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनले निर्धारण गरेको शर्त पुरा नभएको वा कुनै प्राविधिक कठिनाई पर्न गएमा ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार साँगुरीगढी गाउँपालिकाको कार्यालयलाई हुनेछ ।

८. सिलवन्दी दरभाउ पत्र सम्बन्धी जानकारी साँगुरीगढी गाउँपालिकाको वेवसाईट www.sangurigadhimun.gov.np र ppmo website:www.bolpatra.gov.np/egp.मा उपलब्ध छ । अन्य कुरा जानकारी लिनु पर्न भएमा कार्यालय फोन नं. ०२५-४०००५८ र ०२५-४०००६८ सम्पर्क गर्न सक्नु हुनेछ ।

मनोज कुमार ठाकुर
प्रमुख प्रशासकीय अधिकृत